आज मितिः२०७७।०३।०५ गते शुक्रबारका दिन बाणगंगा नगरपालिकाको सातौं नगरसभाको प्रथम बैठकमा प्रस्तुत गरिने निति तथा कार्यक्रम माथि छलफलका लागि नगर प्रमुख श्री मंगल प्रसाद थारु ज्यूको अध्यक्षतामा आयोजना गरिएको बैठकमा निम्नानुसारका पदाधिकारीहरुको उपस्थिती रह्यो ।

स्थानः बाणगंगा नगरपालिकाको सभाहल

समयः १३:०० बजे

| क्र.सं. | नामथर | पद | वडा | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | मंगल प्रसाद थारु | नगर प्रमुख | | ९५५७०५४०२० | |
| २ | चक्रपाणी अर्याल | उप नगर प्रमुख | | ९८५७०५४०३२ | |
| ३ | चुरामणि पन्थी | प्रमुख प्रशासकीय अधिकृत | | ९८५७०८७१११ | |
| ४ | बाल कुमारी पन्त | वडाध्यक्ष | १ | ९८५७०५४०२१ | |
| ५ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष/नगर प्रवक्ता | २ | ९८५७०५४०२२ | |
| ६ | सन्तराम रौतार थारु | वडाध्यक्ष | ३ | ९८५७०५४०२३ | |
| ७ | गणेश बहादुर क्षेत्री | वडाध्यक्ष | ४ | ९८५७०५४०२४ | |
| ८ | भिष्मराज भुसाल | वडाध्यक्ष | ५ | ९८५७०५४०२५ | |
| ९ | सुकदेव थारु | वडाध्यक्ष | ६ | ९८५७०५४०२६ | |
| १० | विष्णू गिरी | वडाध्यक्ष | ७ | ९८५७०५४०२७ | |
| ११ | गुणानीधि भुसाल | वडाध्यक्ष | ८ | ९८५७०५[illegible] | |
| १२ | ध्रुव बेल्बासे | वडाध्यक्ष | ९ | ९८५७०५४०२९ | |
| १३ | राम बिहारी चौधरी | वडाध्यक्ष | १० | ९८५७०५४०३० | |
| १४ | सोमनाथ अर्याल | वडाध्यक्ष | ११ | ९८५७०५४०३१ | |
| १५ | सिता कुमारी थापा | महिला सदस्य | १ | ९८४७०५८४०१ | |
| १६ | हरिकला सार्की | द.म.स. | १ | ९८११४७७२०३ | |
| १७ | झलक मल्ल ठकुरी | खूल्ला सदस्य | १ | ९८५७०५०७१४ | |
| १८ | सन्जू कूमार सारु | खूल्ला सदस्य | १ | ९८४७३६९१०९ | |
| १९ | टिका कूमारी | महिला सदस्य | २ | ९८४७११०६९८ | |
| २० | विमला परियार | द.म.स. | २ | ९८१६४५४१७४ | |
| २१ | हिमलाल घिमिरे | खूल्ला सदस्य | २ | ९८४७१९९५९६ | |
| २२ | राम शरण चौधरी | खूल्ला सदस्य | २ | ९८१५४१२०१४ | |
| २३ | सरिता देवी ढकाल | महिला सदस्य | ३ | ९८४७१९२२९९ | |
| २४ | राधा वि.क. | द.म.स. | ३ | ९८[illegible] | |
| २५ | राम आश्रे थारु | खूल्ला सदस्य | ३ | ९८०७४२७८०८ | |
| २६ | कुल बहादुर सोमै | खूल्ला सदस्य | ३ | ९८५७०५१७१६ | |
| २७ | इन्दिरा पन्त | महिला सदस्य | ४ | ९८४७२१२२१९ | |
| २८ | अस्मिता नेपाली | द.म.स. | ४ | ९८०७४४००१६ | |

Scanned with CamScanner

| क्र.सं. | नामथर | पद | वडा | सर्म्पक नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| २९ | ऋषिराम थारु | खूल्ला सदस्य | ४ | ~~९८०२६५५९८१~~ ९८५७०५१३८१ | |
| ३० | चित्र वहादुर खान | खूल्ला सदस्य | ४ | ९८४७२८४५६६ | |
| ३१ | तारावती चौधरी | उप संयोजक जि.स.स., क.व. | ५ | ९८४७०६१६३४ | |
| ३२ | मधुकला वि.क. | द.म.स. | ५ | ९८६७२०९९१३ | |
| ३३ | राम प्रसाद थारु | खूल्ला सदस्य | ५ | ९८४७२७५५९६ | |
| ३४ | कृष्ण वहादुर चौधरी | खूल्ला सदस्य | ५ | ९८२१४३६९८१ | |
| ३५ | शान्ता पाण्डे | महिला सदस्य | ६ | ९८४७२८४३४५ | |
| ३६ | कमला दर्जी | द.म.स. | ६ | ९८०५४०४८८६ | |
| ३७ | वेचु थारु | खूल्ला सदस्य | ६ | ९८६७२२५४९१ | |
| ३८ | धन वहादुर न्यौपाने | खूल्ला सदस्य | ६ | ९८११४५२८५० | |
| ३९ | सावित्रा थारु | महिला सदस्य | ७ | ९८०६९१७४९६ | |
| ४० | कमला वि.क. | द.म.स. | ७ | ९८१७४८३७२७ | |
| ४१ | मूम वहादुर पाण्डे | खूल्ला सदस्य | ७ | ९८४८२८५८५९ | |
| ४२ | नेत्र गिरी | खूल्ला सदस्य | ७ | ९८५७०५०२४२ | |
| ४३ | गिता भुसाल | महिला सदस्य | ८ | ९८४७१८९०६७ | |
| ४४ | शिव प्रसाद पाण्डे | खूल्ला सदस्य | ८ | ९८५७०५०६[illegible] | |
| ४५ | नाथुराम चौधरी थारु | खूल्ला सदस्य | ८ | ९८४७०८३४३८ | |
| ४६ | केशरा गुरुङ | महिला सदस्य | ९ | ९८१८१९१२१४ | |
| ४७ | राज कुमारी सुनार | द.म.स. | ९ | ९८०७४१६९०३ | |
| ४८ | नूमलाल चौधरी | खूल्ला सदस्य | ९ | ९८४१०३४०३० | |
| ४९ | भिम वहादूर पून | खूल्ला सदस्य | ९ | ९८५७०५०४६८ | |
| ५० | दिल कुमारी थापा | महिला सदस्य | १० | ९८~~०५४३४१२९~~ [illegible] | |
| ५१ | विन्दु वि.क. | द.म.स. | १० | ९८~~१४६५२४७७~~ [illegible] | |
| ५२ | काशिराम थारु | खूल्ला सदस्य | १० | ९८११९८०९२१ | |
| ५३ | राम नक्षत्र चौधरी | खूल्ला सदस्य | १० | ९८१९४१६६८७ | |
| ५४ | इमकला खत्री क्षेत्री | महिला सदस्य | ११ | ९८०५४७७९०७ | |
| ५५ | सावित्री वि.क. | द.म.स. | ११ | ९८१५४४५६३७ | |
| ५६ | वाजवुल लैन | खूल्ला सदस्य | ११ | ९८४७५४४३२९ | |
| ५७ | जगनारायण थारु | खूल्ला सदस्य | ११ | ९८१५४२७७०५ | |
| ५८ | योगनाथ सुनार | नगर सभा सदस्य | ३ | ९८४७१३४०२२ | |
| ५९ | कृष्ण वहादुर वि.क. | नगर सभा सदस्य | १ | ९८२१९८११५७ | |
| ६० | पूर्णकला सुनार | नगर सभा सदस्य | ८ | ९८४७४५०९०९ | |

Scanned with CamScanner

# आ.व.०७७/७८ को लागि बाणगंगा नगरपालिकाको सातौं नगरसभाको प्रथम बैठकमा नगर उपप्रमुख श्री चक्रपाणी अर्यालद्वारा प्रस्तुत नीति तथा कार्यक्रम

यस बाणगङ्गा नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा म अत्यन्त गौरवान्वित छु। राष्ट्रलाई अध्यारो युगबाट जनताका प्रतिनिधिहरुको माध्यमबाट शासन व्यवस्था संचालन गर्न र संघीय लोकतान्त्रिक गणतन्त्रको उज्यालो युगमा रुपान्तरण गर्न लामो संघर्ष एवं आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै विभिन्न आन्दोलनको क्रममा घाइते र वेपत्ता हुनुभएका नागरिक प्रति उच्च सम्मान व्यक्त गर्न चाहान्छु।

नेपाली जनताको त्याग बलिदान र लामो संघर्षबाट प्राप्त भएका उपलब्धिहरुलाई सफलता पूर्वक संस्थागत भएसंगै स्थानीय सरकार मार्फत जनताका आवश्यकता, नेपाल सरकारले लिएको "संबृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकांक्षा र विश्वले अवलम्वन गरेको दीगो विकास लक्ष्य प्राप्तिको लागि हातेमालो गर्न पाउनुलाई महत्वपूर्ण अवसरको रुपमा लिएको छु।

मानव समुदायले भोगेको विभिन्न महामारीको विगतको कालखण्डलाई पुनःस्मरण गराउँदै हाल विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाईरसले मानवजातीकै अस्तित्वलाई चुनौती थपिदिएसंगै यस महामारीबाट हाम्रो देश नेपाल र हाम्रो बाणगंगा नगरपालिका समेत अत्यन्त प्रभावित भएको छ। एकातर्फ समग्र विकासको गतिमा अवरोध श्रृजना भएको छ भने अर्को तर्फ यसको नियन्त्रण र रोकथाम समग्र स्थानीय तहको चाँसोको विषय बनेको छ। तर पनि यसको संक्रमण प्रारम्भ भएलगत्तै सिंगो नगरपालिकाले अवलम्वन गरेको स्पष्ट रणनीति, समन्वयात्मक कार्यशैलीका साथसाथै नगरपालिकाको नेतृत्वमा नगरभित्र रहेका विभिन्न संघसंस्था एवं नगरबासीहरुको एकता, धैर्यता र सहयोगले अहिलेसम्म यस रोगको संक्रमणबाट यस नगरभित्र सबैको जीवन रक्षा गर्न सफल भएका छौं। यस्तो जोखिमपूर्ण परिस्थितिमा अग्रपंङ्तिमा रहेर सेवा गर्ने स्वास्थ्यकर्मी, संचारकर्मी, सुरक्षाकर्मी, एम्बुलेन्स चालक, नगरका जनप्रतिनिधि, टोलविकास संस्थाका पदाधिकारीहरु एवं राष्ट्रसेवकको उच्च प्रसंसा गर्न चाहान्छु। साथै यस्तो महामारीको व्यवस्थापनमा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग गर्ने विभिन्न संघसंस्था तथा निकायहरुमा आभार व्यक्त गर्दछु र अत्यावश्यक वस्तुहरुको सहज बनाउने सवै व्यक्ति व्यवसायी तथा संघसंस्थामा हार्दिक आभार व्यक्त गर्दै यो विपत्ति अझैपनि महिनौंसम्म रहन सक्ने भएकोले यस महामारीबाट विजय प्राप्त गर्न अझ बढी सतर्कता, समन्वय र एकता आवश्यकता भएकोले एकढिक्का भएर दृढताका साथ लाग्न एवं व्यक्तिगत, पारिवारिक र वातावरणिय सरसफाई मा ध्यान पुराउन र सामाजिक दुरि कायम गर्दै हाम्रो शरिरभित्रको रोगसंग लड्ने प्रतिरक्षा शक्ति बढाउन तथा उचित जीवनशैली अपनाउन सबै नगरबासीहरुमा अनुरोध गर्न चाहान्छु।

नगरको आर्थिक, सामाजिक, साँस्कृतिक साथै भौगोलिक विविधतालाई आत्मसाथ गर्दै दीगो सन्तुलित र समन्यायिक विकासको बाटोमा निरन्तर रुपमा अघि बढ्न यस नगरपालिका दृढ रहेको छ। तदनुरुप योजनावद्ध र प्राथमिकताका आधारमा नगरको समग्र परिस्थितिको मूल्याङ्कन, व्यापक परामर्श र विज्ञताको समेत उपयोग गरी विकास निर्माणका कार्यहरु अघि बढाउन हामी सदैव प्रयत्नशिल छौं। सुशासन कायम गरी नगर संयन्त्रका सबै अंगहरुलाई गतिशिल, सहभागीतामुलक र जवाफदेही बनाउन आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रमले महत्वपूर्ण भुमिका खेल्ने विश्वास लिएको छु।

**सभाध्यक्ष महोदय,**
अब म नगरको समग्र विकासको खाकाको रुपमा तयार गरेको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रमलाई बुँदागत रुपमा प्रस्तुत गर्न चाहान्छु।

## (क) आर्थिक विकास

१. कृषिजन्य उत्पादन बृद्धि गरी आयात प्रतिस्थापन गर्दै निर्यात प्रबर्द्धनका लागी कृषि सम्वन्धी ज्ञान तथा शिप हासिल गरेका कृषि पेशामा रहेका र संलग्न हुन चाहने युवा तथा व्यवसायिक कृषकहरुको लागि मागमा आधारित ब्यवसायिक कृषि बिकास कार्यक्रम संचालन गरी रोजगारी सृजना गर्न एक गाउँ एक उत्पादनको अवधारणालाई प्रोत्साहन गर्दै लगिने छ।



Scanned with CamScanner

२. कोरोना भाइरस रोगबाट प्रभावित भारत लगायत बिभिन्न मुलुकबाट रोजगरी गुमाइ आएका तथा व्यवसायिक रुपमा कृषि गर्न चाहने कृषकको लागि कोभिड बिशेष कृषि कार्यक्रम संचालन गरिने छ।

३. विभिन्न निकायहरुको सहकार्यमा एक वडा एक नमूना गाउँ र उद्दमी गाउँ निर्माण गर्दै लगिने छ।

४. प्रविधिमैत्री कृषिलाई प्रबर्धन गर्न स्मार्ट कृषि गाउँको अवधारणालाई क्रमशः बिस्तार गर्दै लगिने छ।

५. कृषि उत्पादनको बजारीकरणमा सहयोगका लागि कृषि संकलन केन्द्र तथा कृषि थोक वजार निर्माण तथा ब्यवस्थानको लागि जोड दिइने छ।

६. सिंचाई पहुँच नभएका ठाउँमा साना सिंचाई, सतह सिंचाई, स्यालो ट्यूवेल डिप बोरिङ, ताल तलैया तथा पोखरी मर्मत जस्ता कार्यलाई प्राथमिकतामा राखि सिंचित क्षेत्रफलको विस्तार गरिदै लगिने छ। नगरपालिका भित्रका जलासय र माछापोखरीहरुलाई संरक्षण गर्दै व्यवसायिक माछा पोखरी निर्माण गर्ने समूह/सहकारी/फर्महरुलाई आवश्यक अनुदान उपलब्ध गराउने व्यवस्था मिलाईनेछ।

७. एक घर एक करेसाबारीको अवधारणा अनुसार करेसाबारीको जनचेतना बृद्धि गरी स्वस्छ, ताजा तथा प्राङ्गारिक तरकारी उत्पादन गर्न भान्सा नै औषधालय कार्यक्रम संचालन गरिने छ।

८. बीउ प्रतिस्थापन दर बढाउनका लागी खाद्यान्न तथा घांसको वीउ उत्पादनका कार्यक्रमहरु संचालन गरि नगर भित्र रहेका कृषि समूह/सहकारी/फर्मलाई वीउवीजन उत्पादन, भण्डारण तथा वितरणलाई क्रमश: आन्मनिर्भर गराउँदै लगिने छ।

९. कृषि उत्पादनमा भैरहेको रासायनिक विषादीको बढ्दो प्रयोगबाट मानव तथा पर्यावरणमा परेको नकारात्मक असर न्युनिकरण गरी अर्गानीक खेतीलाई प्रोत्साहन गरिनेछ।

१०. विभिन्न जातका फलफूलको उत्पादनमा बृद्धि गर्दै हरियाली प्रबर्दधन र फलफुलमा नगरलाई आत्मनिर्भर गरिँदै लगिने छ।

११. मह उत्पादनमा नगरलाइ आत्मनिर्भर बनाउदै लैजानका लागि कृषकहरुलाई प्रोत्साहन गर्न अनुदानको व्यवस्था गरिने छ।

१२. कृषिलाई प्रतिस्प्रधी गराउन यान्त्रीकिकरणलाई जोड दिंदै सीप तथा क्षमता अभिबृद्धि, कृषि मेला, कृषक भ्रमण, तालिम तथा गोष्ठी कार्यक्रमहरु संचालन गरिने छ।

१३. सामाजिक तथा आर्थिक रुपमा पछाडी परेका समुदाय, दलित, आदिवासी, जनजाती मधेसी तथा महिलाहरुको आयआर्जन बृद्धिका लागि च्याउ खेति लगायतका नगदे बाली सम्बन्धी कार्यक्रम संचालन गरिने छ।

१४. महिलाहरुको सक्रिय सहभागितामा संचालनमा रहेका सहकारीहरु, लघु उद्योगहरुलाई प्राथमिकतामा राखि प्रोत्साहन गरिनेछ।

१५. कृषि तथा पशु विकासको लागि आधुनिक प्रविधिको प्रयोग गरिने छ र विमा सम्बन्धि कार्यक्रमलाइ प्रभावकारी बनाउन प्रोत्साहन गरिने छ।

१६. नगरका मुख्य बजार केन्द्रमा कृषि उपज संकलन तथा विक्रि केन्द्रलाई व्यवस्थित गरिनेछ र नगरभित्र शीत भण्डार स्थापना गर्न संघ तथा प्रदेशसंग सहकार्य गरिने छ।

१७. पशु नश्ल सुधारका कार्यक्रम, व्यवसायिक पशुपन्छी पालन गर्ने कृषकहरुलाई उत्पादनमा आत्मनिर्भर बनाउन प्रोत्साहन गरिने छ।

१८. पशु हाटबजारको निर्माण कार्यको लागि संघ तथा प्रदेशसंग समन्वय गरिने छ।

१९. कृषि सम्बन्धी प्राविधिक ज्ञान तथा शीप हासिल गरेका युवाहरुलाई प्रविधी हस्तान्तरण सहितको युवालक्षित कार्यक्रम संचालन गर्दै उत्पादनलाई व्यवसायिकीकरण गरी रोजगारी सिर्जना गर्नेतर्फ जोड दिइनेछ।

२०. नगरपालिकालाई स्वच्छ र स्वस्थ मासु उत्पादनमा आत्मनिर्भर बनाउँदै मासुपसल व्यवस्थापनमा प्रोत्साहन एवं नियमन गरिनेछ।

Scanned with CamScanner

२१. स्थानीय सहकारीहरुसँग प्रवर्द्धनात्मक कार्यमा सहकार्य गर्दै सहकारीहरुको विकास एवं प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ ।

२२. नगरभित्र क्रियाशिल सहकारीहरुको उत्पादन तथा बजारीकरणको लागि पहल गरिने छ साथै विषयगत रुपमा एकिकरण र व्यवस्थापकीय रुपमा एकरुपताको लागि अगाडी बढाईनेछ ।

२३. नगरभित्र रहेका सहकारीहरुको नियमित अनुगमन गरीने छ । निस्क्रिय एवं नियम विपरित संचालनमा रहेका सहकारीहरुलाई खारेजीको प्रक्रियामा लगिने छ ।

२४. सहकारीहरुबाट मासिक रुपमा पेश हुने मासिक प्रतिवेदनहरुलाई अनलाईन प्रविधिबाट व्यवस्थापन गरी नगर भित्र समग्र निक्षेप र लगानीको अवस्थालाई नियमित अद्धावधिक हुने व्यवस्थाको लागि अनलाईन सफ्टवेयरको व्यवस्थापन गरिने छ ।

२५. गरीवि अन्त्यका लागि रोजगारीको व्यवस्था र आय आर्जनका लक्षित कार्यक्रमहरुलाई संचालन गरिनेछ ।

२६. साना, लघु तथा घरेलु उद्योगहरुको शीप तथा प्रविधिहरुलाई प्रोत्साहन गर्दै संघ तथा प्रदेशको समन्वयमा औधोगिक ग्रामको स्थापना गरिने छ ।

## (ख) सामाजिक विकास नीतिः

२७. कोभिड-१९ पछिको थप रणनीति र कार्ययोजना तयार गरी क्षेत्रगत विशेष कार्यक्रम संचालन गरिने छ । महामारीका कारण रोजगारी गुमाएका श्रमिक, साना किसान, असहाय व्यक्ति, गरिव तथा विपन्न वर्गका परिवारलाई लक्षित गरि स्वास्थ्य, शिक्षा, सीप विकास तालिम र रोजगारी एवं आय आर्जन सम्बन्धी विशेष कार्यक्रम संचालन गरिने छ ।

२८. सामाजिक न्याय सहितको बिकासका लागी समावेशी सहभागीताको सिद्धान्त बमोजिम महिला, वालवालिका, एकल महिला, अशक्त, अपाङ्ग, दलित, आदिवासी जनजाती, मधेशी, मुस्लिम र अति गरीब तथा सीमान्तकृत वर्गको सशक्तिकरणका लागि रोजगारी तथा उत्पादनमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२९. आ.व. ०७७।७८ भित्र बालमैत्री स्थानीय शासन घोषणाका सबै सूचकहरुलाई प्राथमिकता दिई योजना तथा कार्यक्रमहरु कार्यान्वयन गरिने छ ।

३०. किशोर किशोरीहरुको विभिन्न समस्यालाई सम्बोधनको लागि किशोर किशोरी क्षमता विकास तथा सामुदायिक सचेतीकरणका कार्यक्रमहरु संचालन गरिने छ ।

३१. पारिवारिक विकास योजना निर्माण तथा कार्यान्वयन सहयोगलाई संचालित वडाको अन्य स्थान र अन्य वडाहरुमा समेत विस्तार गर्दै लगिने छ ।

३२. सामाजिक कुरीति, लैंगिक हिंसा, कुसंस्कार र जातीय विभेद, छुवाछुत, बेरोजगारी र मनोवैज्ञानिक समस्याको कारण समुदाय तहमा हिंसा, अपराध तथा बढ्दो मानसिक विचलन तथा आत्महत्या रोकथामका लागि नगरपालिका स्तरमा मनोसामाजिक परामर्श कार्यलाई अगाडी बढाईनेछ ।

३३. नगर क्षेत्रबाट बैदेशिक रोजगारमा जाने युवाहरुको तथ्यांक अद्यावधिक गरी सुरक्षित आप्रवासन कार्यक्रम संचालनलाई निरन्तरता दिईनेछ ।

३४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवश, स्थानीय मौलिक संस्कृति, भेषभुषा, कला, साहित्य, ईतिहास, भाषाको संरक्षण एवं प्रवर्द्धन गर्ने कार्यक्रमहरुलाई निरन्तरता दिईने छ ।

३५. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारको लागि विद्यालयहरु समायोजन र दरबन्दी मिलान कार्य अगाडी बढाईने छ ।

३६. प्राविधिक शिक्षाको विकास र विस्तारका लागि आवश्यक पहल गरिनेछ ।

Scanned with CamScanner

३७. नगरभित्र कार्यक्षेत्र भएका संघसंस्थाहरुसंग शिक्षा, स्वास्थ्य, आयआर्जन लगाएतका कार्यक्रममा लागत सहभागिताको आधारमा कार्यक्रम संचालन गर्ने नीति अवलम्बन गरिनेछ।

३८. शैक्षिक संस्थाहरुलाई सूचना र प्रविधियुक्त बनाउन पहल गरिनेछ साथै सामुदायिक विद्यालयहरुमा क्रमश: सूचना प्रविधी प्रयोगशाला व्यवस्थापन गर्दै लगिने छ।

३९. आधारभुत तहको कक्षाहरुमा कपिलवस्तु र बौद्ध शिक्षा विषयको स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरी नगरभित्रका विद्यालयहरुमा यसै शैक्षिक सत्रदेखि लागू गरिनेछ साथै उच्च शिक्षामा समेत विस्तारका लागि आवश्यक पहल गरिने छ।

४०. बालबालिकाहरुको शिक्षाको सुनिश्चितताको निमित्त शैक्षिक पहुँचमा जोड दिइनेछ साथै भर्ना भएका बालबालिकाहरुलाई विद्यालयमा टिकाउने खालको कार्यक्रम सञ्चालन गरिने छ।

४१. विद्यालयमा सुशासन, पारदर्शीता, जवाफदेहिता प्रबर्द्धनमा जोड दिई विद्यालयमा एकिकृत शिक्षा व्यवस्थापन सूचना प्रणाली (Integreted Education Management Information System-IEMIS) लाई पूर्ण रुपमा कार्यान्वयन गरिने छ।

४२. उत्कृष्ट नतीजा ल्याउने विद्यालय, विषयगत शिक्षक र विद्यार्थीलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिने छ।

४३. नगरस्तरीय मेयर कप, राष्ट्रपति रनिङ्गशील्ड लगायतका विभिन्न खेलकुद कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ। नगरभित्रका खेलकुदको क्षेत्रमा विशिष्ठ प्रतिभा देखाएका खेलाडीलाई प्रोत्साहन तथा सम्मान गरिने छ।

४४. लागु औषध तथा दुर्व्यसनीको प्रभावलाई न्यूनिकरणको लागि आवश्यक कार्यक्रमहरु गर्दै साथै पुनस्थापना केन्द्रलाई क्रमश सुधार गर्दै लगिने छ।

४५. फरक क्षमता भएका बालबालिकाहरुको शैक्षिक यात्राको निरन्तरताका लागि आवश्यक सहयोग, प्रोत्साहन तथा हौसला प्रदान गरिने छ। साथै निर्माण हुने भौतिक संरचनाहरुलाई अपाङ्ग मैत्री बनाईने छ।

४६. यस क्षेत्रभित्र सञ्चालनमा रहेका सामुदायिक शैक्षिक संस्थाहरुको सञ्चालित कक्षा र विद्यार्थी संख्याको आधारमा भौतिक संरचनाहरु निर्माण तथा सुधार गरिनेछ।

४७. विद्यालयको शैक्षिक उपलब्धीलाई वृद्धि गर्नको लागि प्र.अ. तथा शिक्षकसंग जिम्मेवारी बढाउन कार्य सम्पादन सम्झौता गरिनेछ।

४८. शैक्षिक रणनीतिक योजनालाई अद्यावधिक गर्दै विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सरोकारवालाहरु बिच निरन्तर संवाद, छलफल तथा अन्तरक्रिया कार्यक्रम संचालन गर्दै कार्यान्वयनमा लगिने छ।

४९. कोभिड-१९ को प्रभावबाट प्रभावित भएका विद्यार्थीहरुलाई नियमित विद्यालय संचालन नहुँदासम्म वैकल्पिक शिक्षाका माध्यमहरुबाट सिकाई सहजीकरण गर्न पहल गरिने छ।

५०. साक्षरताको दिगोपनको लागि सरकारी तथा गैर सरकारी संस्थाको पहलमा कार्यक्रम संचालन गरिनेछ।

५१. आधुनिक प्रविधिसँगै शिक्षकहरुको पेसागत दक्षता विकासका लागि विभिन्न मागमा आधारित तालिम, अनलाईन तालिम र कार्य मुलक अनुसन्धानका जस्ता तालिम संचालन गरिनेछ।

५२. सामुदायिक विद्यालयहरुको मूल्याङ्कन गरी कार्य क्षमताको आधारमा अनुदान उपलब्ध गराईनेछ।

५३. बहुक्षेत्रीय पोषण योजना अन्तर्गत पोषणमैत्री स्थानीय शासन (NFLG) अवलम्बन गर्न पोषणमैत्री वार्ड घोषणाका लागि विशेष अभियान संचालन गरिनेछ। यसका लागि क्रमशः एक वडा एक नमूना गाउँको अभियान यसै बर्षबाट कार्यान्वयन गरिनेछ।

५४. बहुक्षेत्रीय पोषण योजनालाई प्राथमिकताको साथ कार्यान्वयन गर्न समपुरक कोष (Matching Fund) को व्यवस्था गरिनेछ।

५५. आयुर्वेद औषधालयको स्तरोन्नती, योग अभ्यास तथा गाउँघर क्लिनिक जस्ता कार्यक्रमहरु सञ्चालन गरिने छ। नगर भित्र आयुर्वेदको पूर्वाधार विकास गर्दै आयुर्वेदिक औषधिहरुको नियमित उत्पादन तथा सहज वितरणको व्यवस्था मिलाइनेछ। कोभिड-१९ को नियन्त्रण तथा रोकथामका लागि आयुर्वेद सेवालाई समेत परिचालन गरिनेछ।

Scanned with CamScanner

५६. बाल सञ्जाल र बालसमूहहरुको क्षमता विकास हुने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

५७. लक्षित बर्गका समूदायको सशक्तीकरणका लागि क्षमता विकास सम्बन्धी कार्यक्रमलाई विशेष प्राथमिकताका साथ संचालित गरिनेछ।

५८. लैंगिक तथा घरेलु हिंसा, एकल महिला, अपांगता, यौन शोषण लगाएत जोखिममा परेका बालबालिका, यौनिक तथा लैंगिक अल्पसंख्यकहरुलाई दृष्टिगत गरि अवसर र हित प्रबर्द्धन सम्बन्धी विशेष कार्यक्रम संचालन गरिने छ।

५९. जेष्ठ नागरिकहरुमा भएको ज्ञान र सीप हस्तान्तरण तथा जेष्ठ नागरिक सम्मान कार्यक्रमहरु सञ्चालन गरिने छ।

६०. सुरक्षित मातृत्व, पोषण, खोप, प्रजनन स्वास्थ्य, क्षयरोग, कुष्ठरोग निवारण, बालस्वास्थ्य, परिवार नियोजन तथा सुरक्षित गर्भपतन, यौनरोग तथा एच.आई.भी. एड्स, सामुदायिक स्वास्थ्य, सिकलसेल एनिमिया जस्ता स्वास्थ्य सम्बन्धी विषयमा विभिन्न चेतनामूलक कार्यक्रमहरुलाई निरन्तरता दिईने छ।

६१. Zero Home Delivery (घरमा प्रसुती शुन्य) नगरपालिका बनाउनका लागी आवश्यक कार्यक्रम संचालन गर्न स्वास्थ्य संस्थाहरुको प्रशासनिक व्यवस्थापन र भौतिक संरचनाहरुलाई स्तरोन्नती गर्दिदै लगिनेछ।

६२. महिला स्वास्थ्य स्वयम सेविकाहरुले समुदायमा पुर्याएको योगदानको उच्च मुल्याङ्कन गर्दै प्रोत्साहनको ब्यवस्था लाई निरन्तरता दिईनेछ।

६३. कोभीड-१९ लगाएत अन्य सरुवा रोग तथा महामारी रोगहरुको नियन्त्रणका लागि आवश्यकता अनुसार विशेष कार्यक्रमहरु संचालन गरिनेछ।

६४. "नगर प्रमुखको अभिभावकत्व, बाल स्वास्थ्यमा अपनत्व" भन्ने मूल कार्यक्रम अन्तर्गत बाल स्वास्थ्यका कार्यक्रमहरु संचालनमा ल्याईनेछ।

६५. "उपमेयरको कुशल नेतृत्व, गर्भ संस्कार र सुरक्षित मातृत्व" सम्बन्धी विभिन्न कार्यक्रहरु संचालन गरिने छ।

६६. "सर्वाङ्गिण स्वास्थ्य हाम्रो लक्ष्य, गतिशिल विकासमा वार्ड अध्यक्ष" नारा सहित सम्बन्धीत वडाहरुमा सरसफाई अभियान र हरियाली प्रवर्द्धन कार्यक्रम नियमित संचालन गरिनेछ।

६७. "मर्यादित समाज, दिव्य संस्कार, ज्येष्ठ नागरिकाको सम्मानमा स्थानीय सरकार" मूल कार्यक्रम अन्तर्गत जेष्ठ नागरिकहरुको स्वास्थ्य हेरचाह कार्यक्रमहरु संचालन गरिने छ।

## (ग) भौतिक पूर्वाधार विकास

६८. सार्वजनिक तथा नीजि संरचनाहरु निर्माण गर्दा भुकम्पिय जोखिम न्युनिकरण गर्ने तर्फ ध्यान दिंदै भवन निर्माण मापदण्ड र भवन संहिताको पूर्ण रुपमा पालना गर्न र मापदण्ड लागु हुनुपूर्व बनेका घरहरुको अभिलेखिकरणमा थप सहजता श्रृजना गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिने छ।

६९. बढ्दो जनचापका कारण श्रृजना हुनसक्ने सडक दुर्घटनाहरुलाई न्यूनिकरण गर्न आकाशे पुल निर्माणको लागि आवश्यक पहल गरिनेछ।

७०. नगरक्षेत्र भित्रका भूमिहिन, सुकुम्बासीहरुको तथ्यांक संकलन गरिनेछ। साथै प्रदेश सरकारसँगको सहकार्यमा विपन्न बस्तीहरुमा जनता आवास कार्यक्रम संचालन गरिनेछ। अव्यवस्थीत बसोबास व्यस्थापनको लागि आवश्यक पहल गरिनेछ।

७१. पिपरा अस्पताल र कपिलवस्तु सामुदायिक अस्पतालको सेवाहरुको प्रवर्द्धन र भौतिक संरचना सुधार र विस्तार गरी स्वास्थ्य सम्बन्धी सुविधाहरु क्रमशः विस्तार गर्दै लगिने छ।

७२. दीर्घकालिन स्थायी प्रकृतिका सडक निर्माण गर्दा प्रारम्भिक संरचनाहरु तयार गरेर मात्र निर्माण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ।

Scanned with CamScanner

७३. भवन निर्माण गर्दा भुकम्पिय जोखिम न्यूनिकरण गर्ने तर्फ ध्यान दिँदै भवन आचार संहिताको पूर्णरुपमा पालना गराउँदै लगिनेछ ।

७४. नगर भित्र उत्पादन हुने फोहोरमैला व्यवस्थापनका लागि उपयुक्त ठाउँको पहिचान गरी ल्याण्डफिल्ड साइड निर्माण गर्ने कामको थालनि गरिनेछ ।

७५. वाणगङ्गा नगरपालिकाको वृहत्तर पूर्वाधार तथा आर्थिक विकासका लागि निर्मित एकीकृत शहरी बिकास गुरु योजना पूर्ण रुपमा कार्यान्वियनमा ल्याईनेछ ।

७६. नगरस्तरिय गौरवका आयोजनाहरुलाई निरन्तरता दिईनेछ। ठूला र गौरबका योजना निर्माणका लागि आवश्यक पर्ने स्रोतको व्यवस्था प्रदेश तथा सघीय सरकारको सहयोगमा जुटाइनेछ।

७७. मायादेवी र बुद्ध रंगशालाहरुको क्रमशः स्तरोन्नती गर्दै लगिनेछ।

७८. नगद लागत सहभागीता बाहेकका र १५ लाख भन्दा बढी लगानीमा ठूला मेशिनरी औजारहरु आवश्यक पर्ने योजनाहरुलाई ठेक्का बन्दोबस्तका माध्यमबाट सम्पन्न गरिनेछ।

७९. सार्वजनिक सम्पत्ति अतिक्रमण र अनाधिकृत गर्ने कार्यलाई टोल विकास संस्था समेतको सहकार्यमा संरक्षण गर्दै लगिनेछ।

८०. नगरपालिका क्षेत्रभित्र आधुनिक वसपार्क निर्माण गर्ने कार्यको शुरुवात गरिनेछ। साथै नगरपालिकाको सम्पूर्ण भुगोललाई यातायात सञ्जालले जोड्ने कार्यलाई तिब्रता दिई वृहत्तर हरियाली वाणगङ्गा चक्रपथ निर्माण प्रक्रियालाई अगाडि वढाइनेछ।

८१. स्थानीय जनताको लागत सहभागितामा पुर्वाधार निर्माण कार्यक्रमलाई निरन्तरता दिइनेछ। टोल स्तरका सडक कम्तिमा ६ मिटर, दुइ वा दुई भन्दा वढि टोल जोड्ने सडक ८ मिटर, दुइ वा सो भन्दा वढि वडा जोड्ने सडकहरु कम्तिमा १० मिटर सम्मको मापदण्ड बनाई लागु गरिनेछ।

८२. विद्युत चुहावट मुक्त बनाउने अभियानलाई निरन्तरता दिईनेछ।

८३. स्वच्छ पिउने पानीबाट कसैलाई बन्चित हुन नपरोस् भन्नका लागि निजी, सामुदायिक तथा सहकारीको साँझेदारीमा खानेपानी योजनाहरु सञ्चालन गरिने छ।

८४. खानेपानीको शुद्धता जाँच गर्न निर्माण भएको प्रयोगशाला व्यवस्थापन र सुधार गर्दै लैजान आवश्यक सहयोग गरिनेछ।

८५. नगरको मुख्य बजारक्षेत्रमा सडक वत्ति तथा C C Camera जडानकार्यलाई निरन्तरता दिईने छ।

८६. निर्माण भएका पूर्वाधारका योजनाहरुको नियमित मर्मत सम्भार गरी दिगो बनाउँदै बिकास आयोजनाहरुमा तोकिएको परिमाण, गुणस्तर, लागत र समयमा सम्पन्न हुनेगरि संरचनाहरु निर्माण गरिनेछ।

८७. नगरक्षेत्रभित्र रहेका जग्गाहरुको पुन: नापी गर्न पहल गरिनेछ।

**(घ) वन वातावरण तथा विपद् व्यवस्थापन**

८८. म सफा गर्छु मेरो नगर सरसफाई अभियानलाई निरन्तरता दिईने छ।

८९. फोहोरजन्य पदार्थहरुको श्रोतमा वर्गीकरण तथा संकलन गर्ने कार्यको थालनी गरिनेछ। साथै एकिकृत फोहर व्यवस्थापन प्रणालीको अध्ययन गरी वातावरणमैत्री नगर बनाउन सबै नगरबासी तथा सरोकारवालाहरुसंग सहकार्य गरिनेछ।

९०. नगरपालिका भित्रका सम्पूर्ण सामुदायिक, निजी तथा साझेदारी वनहरुलाई दीगो वन व्यवस्थापनको मर्म बमोजिम व्यवस्थापन गरिनेछ। वन पैदावारमा आधारित उद्यम तथा उद्योगको स्थापना गर्न प्रोत्साहन गरिनेछ। साथै सामुदायिक तथा निजी वनलाई प्रचलित कानुन बमोजिम नियमन गरिनेछ।

९१. सामुदायिक, निजी तथा साझेदारी वनलाई दीर्घकालिन रुपमा आयआर्जन हुन सक्ने जडिबुटी, काठ, दाउँरा, घाँसका लागि वहुमुल्य बोट विरुवाहरुको वृक्षारोपण गर्न प्रेरित गर्दै लगिनेछ।

९२. नगरको विपद् जोखिम व्यवस्थापन तथा जलवायु उत्थानशिल योजनाको कार्यान्वियन गरिनेछ।

Scanned with CamScanner

९३. पानीका मुहान, पोखरी, ताल, तलैया संरक्षणमा तथा विपद् व्यवस्थापनको लागि विभिन्न किसिमका जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

९४. बाणगंगा, कोईली र धिरी नदी नियन्त्रण गरी जोखिममा रहेका वस्ती संरक्षणको लागि पहल गरिनेछ।

**(ङ) सुशासन तथा संस्थागत विकास**

९५. नगर भित्र निर्माण हुने संरचनाहरुको मापदन्ड नियमन, प्राकृतिक स्रोतको दोहन न्यूनिकरण जस्ता कार्यहरुको लागि नगर प्रहरिको व्यवस्था गरि परिचालन गरिने छ।

९६. कर्मचारीहरुलाई विभिन्न प्रकृतिको कार्य गर्न क्षमता विकासका लागि आवश्यक तालिमको व्यवस्थाका साथै कार्यविधि निर्माण गरी आन्तरिक सरुवा सम्बन्धी मापदण्डलाई कार्यान्वयनमा ल्याईनेछ।

९७. सुशासन प्रबर्द्धन, पारदर्शिता, मितव्ययिता एवं जबाफदेहिता बृद्धि गर्दै नगरबासीले अपेक्षा गरे अनुरुपको सेवा प्रवाह गर्न प्राथामीकता दिई सरल र सहज रुपमा सार्वजनिक सेवा प्रवाह गरिने छ।

९८. न्यायीक समितिको कार्यसम्पादनलाई चुस्त, द्रुस्त र प्रभावकारी बनाउन क्षमता अभिबृद्धि गर्दै लगिने छ।

९९. समुदाय तहमा रहेका मेलमिलाप केन्द्रहरुको क्षमता विकास गर्दै नगरभित्र श्रृजना हुने विवादहरु टोल बस्तीमै समाधान गरी सामाजिक सदभाव कायम गर्न मेलमिलापकर्ता सूचीकृत गरी सामुदायिक मेलमिलाप केन्द्र स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ।

१००. संस्थागत सेवा प्रवाह, विकास निर्माणका कार्यमा पारदर्शिता र सुशासन कायम गर्न सार्वजनकि सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, प्राविधिक परीक्षण जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०१. नगरपालिकाबाट संचालन गरिने आयोजना तथा कार्यक्रमहरुको प्रभावकारीता तथा गुणस्तर कायम गर्न आयोजना अनुगमन तथा सुपरिवेक्षण कार्यलाई सरोकारवालाहरुको समेत समन्वयमा संचालन गरी प्राप्त पृष्ठपोषणको आधारमा सुधार गर्दै लगिने छ।

१०२. जनप्रतिनिधि, कर्मचारी, टोल विकास संस्थाका पदाधिकारी, सामुदायिक संस्थाहरुको क्षमता विकासका लागि आवश्यक तालिमहरु, अध्ययन अवलोकन भ्रमणहरुका कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१०३. नगरका गतिविधिहरुलाई आम नागरिकहरु बिच श्रृजनात्मक एवं सकरात्मक समचार संप्रेषण गर्न संचारकर्मीहरुको क्षमता विकासको लागि सूचना प्रविधि सम्बन्धी तालिमको व्यवस्था गरिने छ। साथै संचार गृहहरुको प्रविधि सुधारमा आवश्यक सहयोग गरिने छ।

१०४. टोल विकास संस्थालाई प्रविधिमैत्री बनाउन क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचलन गरिनेछ।

१०५. भूगोल तथा जनसंख्यालाई नगरपालिका स्तरको सेवा प्रवाह गर्न मौजुदा संस्थागत संरचना र जनशक्ति व्यवस्थापन गर्न संगठन बिकास अध्ययन गरी आवश्यकताको आधारमा तहगत जिम्मेवारी व्यवस्थापन गरिने छ।

१०६. कर्मचारीहरुको योग्यता, क्षमता, सीप र अनुभवलाई कार्यसम्पादनमा उपयोग गर्न तथा उत्प्रेरित बनाइ राख्न योगदानमा आधारित प्रोत्साहन उपलब्ध गराउने नीति लाई निरन्तरता दिईनेछ।

१०७. विभिन्न समाजिक संघ/संस्था, कृषक, विद्यार्थी, पत्रकार, खेलाडी, उपभोक्ता समिति, टोल विकास संस्थालाई कार्य सम्पादनको मूल्यांकन गरी प्रोत्साहन स्वरुप पुरस्कार दिने व्यवस्थालाई निरन्तरता दिईनेछ।

१०८. वडाको क्षेत्रफल, जनसंख्या, भौगोलिक विकटता, आन्तरीक राजस्वलाई आधार मानी वडागत बजेट तथा सिलिङ निर्धारण र बिकासका दृष्टिले पछाडि परेका वडा तथा क्षेत्रको समानुपातिक एवं सन्तुलित विकासको को नीतिलाई निरन्तरता दिईने छ।

१०९. अपांग, असहाय, अशक्त, दैवि प्रकोप पिडित, द्वन्द्व पिडित, जेष्ठ नागरिक, एकल महिलाका सिफारिसहरु निःशुल्क गरिनेछ।

११०. अस्थायी प्रकृतिका हाटवजार र चोक चोकमा ठेलामा समान राखि गरिने फुटपाथ ब्यवसाय व्यवस्थापनमा निजी क्षेत्र समेतको सहकार्यमा व्यवस्थापन गर्न सक्ने गरी वडातह बाटै शुल्क संकलन गरिने छ।

Scanned with CamScanner

१११. श्रोत परिचालन र व्यवस्थापनमा सक्षम र आत्मनिर्भर बनाउन, प्रचलित कानून बमोजिम लगाउन सकिने कर र राजश्वका सबै श्रोतहरुको वस्तुपरक पहिचान, विश्लेषण, प्रक्षेपण गरी समतामुलक, प्रगतिशिल र न्यायपूर्ण बनाईने छ।

११२. व्यवसायिहरुको सहजतालाई मध्येनजर गर्दै कर सप्ताह, कर जागरण, घुम्ति शिविर जस्ता कार्यक्रमहरु संचालन गरिने छ साथै करदाताले तिर्नुपर्ने सम्पत्ती तथा भूमीकर पौष मसान्तभित्रै बुझाएमा १० प्रतिशत छुट दिने व्यवस्थालाई निरन्तरता दिईने छ।

११३. जनतासंग प्रत्यक्ष सरोकार राख्ने सिफारिस दस्तुरका शिर्षकहरुलाई व्यवहारिक बनाई राजस्व परामर्श समितिको प्रतिवेदन बमोजिम शुल्क दस्तुरको दर न्यून गरिने छ।

११४. नगरपालिका भित्र सञ्चालन गरिएका सबै व्यवसायहरुलाई दर्ता तथा अभिलेखिकरण गर्न अभिप्रेरित गर्ने, विभिन्न प्रकारका चेतनामूलक कार्यक्रमहरु उद्योग वाणिज्य संघको समेत सहकार्यमा गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

**(च) कला संस्कृति, प्रर्यटन तथा वैदेशिक समन्वय**

११५. चिनको छिचौं प्रान्तसंग गरिएको भगिनि सम्बन्धलाई सुदृढ गर्न पहल गरिनेछ। दुवै नगरका जनप्रतिनिधी, सरोकारवालाहरु सहित शैक्षिक संस्थाका प्रतिनिधीहरुको अनुभव ज्ञान र प्रविधी साटासाटका लागि छोटो अवधिको भ्रमणको आयोजना गरी बाणगंगा नगरपालिकाको विद्यालयको गुणस्तरीय शिक्षा, योजना र भौतिक पूर्वाधार विकासको क्षेत्रमा उपयोग गरिनेछ साथै कृषि, कला, संस्कृति संग सम्बन्धित उत्पादनहरुको प्रवर्धनका लागि दुवै नगरमा आयोजना हुने विभिन्न मेलामा समावेश हुने व्यवस्था मिलाउनेछ।

११६. लक्ष्मणघाट र श्रृङ्गीघाट दाहसंस्कार स्थलको व्यवस्थित गर्ने कार्यलाई प्राथमिकताका साथ लगिने छ।

११७. ऐतिहासिक पुरातात्विक स्थलहरुको पहिचान, संरक्षण सांस्कृतिक संग्राहलय निर्माण कार्यलाई निरन्तरता दिंदै आन्तरीक पर्यटन बृद्धि गर्दै लगिने छ एवं स्थानीय समुदाय तथा विभिन्न संघसंस्थाहरुको सहकार्यमा होम स्टे संचालनको शुरुवात गरिने छ।

११८. अन्तराष्ट्रिय बुद्धिस्ट पार्क निर्माण कार्यलाई अगाडी बढाउन संघिय निकायहरुसंग पहल गरिने छ।

*अन्तमा*

कोरोना महामारीबाट श्रृजित विपद्मा सहयोग गर्नुहुने सम्पूर्ण व्यक्ति तथा संघसंस्थाहरुलाई विशेष धन्यवाद दिन चाहान्छु। साथै कोरोनाबाट संक्रमित सबैको शिघ्र स्वास्थ्य लाभको कामना सहित कोरोना जीत्न सफल सबैलाई बधाई तथा सबै नगरबासीहरुमा कोरोना महामारी नियन्त्रणका लागि अपनाउनुपर्ने सजकताका साथ धैर्यधारण गर्न विशेष आग्रह गर्न चाहान्छु।

आर्थिक बर्ष ०७७/७८ को बार्षिक नीति तथा कार्यक्रम तयारीको लागि महत्वपूर्ण सुझावहरु दिनुहुने संघ तथा प्रदेश सरकारका माननिय संसदहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु र आम नगरबासिहरुमा हार्दिक आभार व्यक्त गर्दै आगामी दिनहरुमा पनि सकरात्मक र श्रृजनशिल सुझाव सल्लाह तथा सहयोगको अपेक्षा गर्दछु।